# रंगेली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
रंगेली ,मोरङ्ग
प्रदेश नं. १, नेपाल

## *बालुवा,भरौट उत्खनन गरी बिक्रि गर्ने कार्यको सूचना*

प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७८/९/१८

यस रंगेली नगरपालिका क्षेत्र भित्र बग्ने निम्न खोलाहरुबाट बालुवा र भरौट संकलन तथा बिक्रि गर्न तपशिल बमोजिम उल्लेखित न्यूनतम अंकमा नघटने गरि आ.ब.०७८/७९ को लागि सामाग्री सप्लाई गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक निर्माण ब्यबसायीहरु वा सप्लायर्स वा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सामाग्री बिक्रि गर्ने कार्यको लागि रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

१.दरभाउपत्र फारम खरिद गर्न इच्छुक ब्यबसायीहरु वा सप्लायर्स सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७८/०७९ को नवीकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त भएको फर्म वा सप्लायर्सको प्रमाणपत्र,व्यवसाय ईजाजतपत्र,स्थायी लेखा दर्ता न. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र(भ्याट)को विवरण पेश गरेको कागजात सहित पेश गर्नुपर्ने छ ।

२.दरभाउपत्र फाराम दस्तुर निम्नानुसार(फिर्ता नहुने गरि) नगद यस कार्यालयको नेपाल कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको **राजश्व खाता नं.ग(१.१) ०६०१४०११५०२५७०११** मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नगद राजश्व शाखामा तिरेको रसिद यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ ।

३.खरिद गरिएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२.०० बजे भित्र नगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., दरभाउपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई अनिवार्य रुपमा लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

४.दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहवरमा सोही दिन दिनको १.०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५.शिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको **धरौटी खाता नं. ग(३)०६०१४०११५०२५७०७९** मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा **१०५** दिन म्याद भएको (खोलिने दिन देखि) जमानी पत्र समावेश भएको हुनु पर्नेछ ।

६.ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा प्रचलित कानून बमोजिम औचित्य हेरी १०(दश) प्रतिशतसम्म छुट दिन सकिनेछ ।

७.दरभाउपत्र सम्बन्धी विस्तृत रुपमा बुझ्नुपरेमा यस कार्यालयको Website-rangelimun@gmail.com वा मो.न. ९८१७३१६०३१ वा ९८४१८६३२३६ मा सम्पर्क राख्न सकिने छ ।

८ यस ठेक्काको अबधि सम्झौता भएको मिति देखि २०७९ साल जेष्ठ मसान्तसम्म कायम हुनेछ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | सामानको विवरण | धरौटी रकम (न्यूनतम) | न्यूनतम लई अंक (भ्याट सहित) | फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | एस.सि./१०/०७८/७९ | रंगेली नगरपालिका भित्र चिसाङ र बक्राहा खोलाको भण्डारी बनकरुवाघाट, झमनपुरघाट ,गोपाल कामत घाट र आर्यघाट दक्षिण खोलाबाट बालुवा तथा भरौट संकलन तथा बिक्रि गर्ने कार्य,रंगेली ३,४,७,८ र ९ रंगेली मोरङ | ४१८००.०० | ८३५१३१.३१ | १००० | |

प्रमुख प्रशासकीय अधिकृत